सिस्ने गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## शिक्षा यूवा तथा खेलकुद शाखा

एकुमकोट, रुकुम (पूर्व)
५ नं. प्रदेश, नेपाल

प.सं.२०७६।०७७ (शि.शा.)
सू.नं. ११

### अनुदान शिक्षक विज्ञापन सम्बन्धी सूचना !!!
### दोस्रो पटक प्रकाशित: २०७६।०९।१५

सिस्ने गाउँपालिकाको मिति २०७६।०५।२० गतेको गाउँ कार्यपालिका तथा गाउँ शिक्षा समितिको मिति २०७६।०५।०२ गतेको बैठकको निर्णयानुसार सामुदायिक विद्यालयमा हाल शिक्षक दरबन्दी अभाव पूर्ति गर्न यस गाउँपालिकाको अनुदानमा स्वयंसेवक शिक्षक करारमा नियुक्ति गर्न १५ (पन्ध्र) दिनको विज्ञापन गरिएको छ।देहायको शर्त र परिधिमा रही रित पूर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**१. शिक्षक किसिम तह र विषय**

**क. आधारभूत तह: कक्षा (१-५)**

| क. सं. | किसिम | विषय | विज्ञापन नं | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अनुदान कोटा | - | ०९।२०७६।७७ | ३ | |

**ख. आधारभूत तह: कक्षा (६-८)**

| क. सं. | किसिम | विषय | विज्ञापन नं | माग संख्या | कै |
|---|---|---|---|---|---|
| १ | अनुदान कोटा | गनित | ०१०।२०७६।७७ | ३ | |
| | | | जम्मा | ३ | |

**ग. माध्यमिक तह: कक्षा (९-१०)**

| क. सं. | किसिम | विषय | विज्ञापन नं | माग संख्या | कै |
|---|---|---|---|---|---|
| १ | अनुदान कोटा | अंग्रेजी | ०११।२०७६।७७ | २ | |
| २ | अनुदान कोटा | विज्ञान | ०१२।२०७६।७७ | १ | |
| ३ | अनुदान कोटा | गणित | ०१३।२०७६।७७ | २ | |
| ४ | अनुदान कोटा | नेपाली | ०१४।२०७६।७७ | १ | |
| | | | जम्मा | ६ | |

२०७६।०९।१५
मंगल सिंह बुढा
शाखा अधिकृत

२. उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता:

अ. आधारभूत तहको लागि:

क) कक्षा (१-५) को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको र कक्षा (६-८) को लागि परीक्षा दिन चाहेको विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको

आ. माध्यमिक तह:

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट परीक्षा दिने विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको

३. उम्मेदवारले अनिवार्य पेश गर्नु पर्ने कागजातहरु:

क) दरखास्त फारम।

ख) नेपाली नगरिकताको प्रमाणपत्रको प्रतिलिपि।

ग) सम्बन्धित तहको शैक्षिक योग्यता र तालिमको प्रमाणपत्रको प्रतिलिपि।

घ) सम्बन्धित तहको स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि।

ङ) अनुभव भए सेवा प्रमाणित गरिएको पत्रको प्रतिलिपि।

च) बसाइ सराई भएको भए बसाइ सराईको पत्र र विवाह भएको भए विवाह दर्ताको

४. तलब भत्ता:

क) प्राथमिक तह: मासिक रु १००००।

ख) निम्न माध्यमिक तह: मासिक रु १२०००।

ग) माध्यमिक तह: मासिक रु १५०००। र सबै तहमा रु २०००।महङ्गी भत्ता पनि उपलब्ध गराइने।

५. परीक्षा दस्तुर:

क) प्रा. वि. का लागि: रु ५००।

ख) नि. मा. विका लागि: रु ७००।

ग) मा. विका लागि: रु १०००।

६. परीक्षाको किसिम: लिखित र अन्तरवार्ता।

७. परीक्षा केन्द्र: गाउँपालिकाको कार्यालय।

८. दर्खास्त दिने स्थान: शिक्षा शाखा, सिस्ने गाउँपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्व)।

९. दरखास्त दिने अन्तिम मिति: मिति २०७६।०९।३० गते सम्म।

१०. लिखित परीक्षा: मिति संक्षिप्त सूचीमा प्रकाशन गरिने छ।

११. विज्ञापन सम्बन्धी थप जानकारी:

क) सम्बन्धित तह र विषयको पाठ्यक्रम शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ।

ख) दरखास्त फारमको अग्रभागमा उम्मेदवारले आफ्नो नाम थर, विज्ञापन नं. ,तह र परीक्षा दिने विषय स्पष्ट रुपमा लेख्नुपर्नेछ। साथै फारमको दोस्रो भागमा पेश गरेका कागजातहरुको विवरण उल्लेख गर्नु पर्नेछ।

ग) कुनै उम्मेदवारले झुट्टा विवरण कागजात पेश गरेको पाइएमा निजको दरखास्त फारम अस्वीकृत गरिने छ। यदि त्यस्ता उम्मेदवारले नियुक्ति लिइसकेको भए नियुक्ति समेत रद्द गरिने छ।

घ) रीत नपुगेको वा शर्त राखी कुनै पनि दरखास्त स्वीकृत गरिने छैन।

ङ) दरखास्त फारमसाथ पेश गरिएका कागजातका प्रतिलिपिहरुमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठीक छ भनि प्रमाणित गरेको हुनुपर्ने छ।

च) दरखास्त फारम सिस्ने गाउँपालिकाको वेवसाइट **www.sisnemun.gov.np** बाट डाउनलोड गर्न सकिने छ।

शाखा अधिकृत